# लोक सेवा आयोग
## नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको खुला प्रतियोगितात्मक
## लिखित परीक्षा
२०७८।०६।१९

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : **Banking, Accounting, Mathematics and Computer**

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क"

४० अङ्क

१. 'क' वर्ग र 'ख' वर्गका बैंकहरूको कार्यहरूमा के-कस्ता समानता र असमानताहरू रहेका छन्? उल्लेख गर्नुहोस् ।
५+५=१०
(What are the similarities and dissimilarities between the functions of 'A' class and 'B' class banks?)

२. बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गर्ने बैंकिङ्ग सेवाहरूले स्वस्थ आर्थिक वातावरणको निर्माणमा सहयोग पुऱ्याइरहेको छ । बयान गर्नुहोस् ।
१०
(Banking services provided by banking and financial institutions are supporting to create healthy economic environment. Expalin.)

३. वित्तीय साक्षरता भनेको के हो? बैंकिङ्ग क्षेत्रको विकासमा वित्तीय साक्षरताले कसरी सहयोग गर्न सक्दछ? चर्चा गर्नुहोस् ।
२+८=१०
(What is financial literacy? How can the financial literacy help in development of banking sector?)

४. मुद्रा बजार र पूँजी बजारको फरक छुट्याउनुहोस् । नेपालको सन्दर्भमा तिनीहरूको महत्वको व्याख्या गर्नुहोस् ।
४+६=१०
(Differentiate between money market and capital market. Explain their importance in Nepalese context.)

### खण्ड "ख"

३० अङ्क

५. आन्तरिक जाँच, आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण कसरी एक अर्काका परिपूरक हुन्? चर्चा गर्नुहोस् ।
३+३+४=१०
(How are internal check, internal control and internal audit supplementary of each other?)

६. मौज्दात व्यवस्थापन र ह्रासकट्टीलाई नेपालको सरकारी लेखा प्रणालीमा के कस्तो व्यवस्था गरिएको छ? उल्लेख गर्नुहोस् ।
५+५=१०
(What provisions has been made about Inventory Management and Depreciation Management in Nepalese Government Accounting System?)

७. कार्यालयको अभिलेख व्यवस्थापनमा फाइलिङ्ग र अनुक्रमणिकाको भूमिका किन महत्वपूर्ण रहेको छ? उल्लेख गर्दै यसको लागि के-कस्तो फाइलिङ्ग र अनुक्रमणिकाका विधिहरू अपनाउन सकिन्छ? ३+३.५+३.५=१०

(Why is the role of filing and indexing vital for Record Management of an office? For this what type of filing and indexing methods can be adopted?)

## खण्ड "ग" — २० अङ्क

८. कुनै धन निश्चित वार्षिक चक्रीय ब्याजदरमा २ वर्षमा रू. ७,२६० र ३ वर्षमा रू. ७,९८६ हुन्छ भने मूलधन र चक्रीय ब्याजदर पत्ता लगाउनुहोस् । ५

(If the sum of money becomes Rs. 7,260 in 2 years and Rs. 7,986 in 3 years when compounded annually, find the sum and the rate of compound interest.)

९. यदि ६ पुरुष, ८ महिला र १६ केटाहरूले सँगै दिनको ६ घण्टाको दरले काम गर्दा २८८ दिनमा कुनै काम पूरा गर्दछन् भने उक्त काम १२ पुरुष, १८ महिला र २८ केटाहरूले दिनको ८ घण्टाको दरले कति दिनमा पूरा गर्न सक्लान्? जहाँ पुरुष, महिला र केटाहरूको कार्यक्षमताको अनुपात क्रमशः ३:२:१ रहेको छ? ५

(If 6 men, 8 women and 16 boys together can do a piece of work in 288 days by working 6 hours each day, in how many days can 12 men, 18 women and 28 boys complete the same work by working 8 hours each day? The work efficiency of men, women and boys is in the proportion 3:2:1 respectively?)

१०. एउटा झ्यालको चौडाई ७० सेमी. र उचाइ १०० सेमी. छ । यसको अतिरिक्त उक्त झ्यालको माथिल्लो भाग अर्धवृत्ताकार छ भने उक्त झ्यालमा रू. २,००० प्रति वर्ग मिटरका दरले सिसा राख्न कति खर्च लाग्छ? ५

(The breadth and height of a window are 70 cm and 100 cm respectively. In addition, the upper part of the window is semi-circular. How much does it cost to put glass in the window at the rate of Rs. 2,000 per square meter?)

११. तल दिइएको तथ्यांकको मध्यक निकाल्नुहोस् । ५

(Find the arithmetic mean from the data given below.)

| X | 40 | 35 | 50 | 55 |
|---|---|---|---|---|
| f | 4 | 3 | 2 | 1 |

## खण्ड "घ" — १० अङ्क

१२. What is database? Explain how database is used in banking system. २+३=५

१३. Write the difference between Internet, Intranet and Extranet. ५

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको खुला प्रतियोगितात्मक

लिखित परीक्षा

२०७८।०६।२०

पत्र : द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : **Economics, Management, Banking laws and Policies**

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

खण्ड "क" 40 अङ्क

१. ठूलो संख्यामा नेपाली नागरिकहरू रोजगारीको खोजीमा विदेशी भूमिमा रहेका छन् । उनीहरूले बिप्रेषणको माध्यमबाट भुक्तानी सन्तुलनमा ठूलो योगदान पुऱ्याईरहेको स्थिति छ । तपाईंको विचारमा नेपालको बिप्रेषणमा अत्याधिक निर्भरता कति उपयुक्त छ? दीर्घकालमा बिप्रेषणको विकल्पको रूपमा के गर्नुपर्ला? उल्लेख गर्नुहोस् । ५+५=१०
(A large number of Nepali citizens are abroad in search of employment. They have been contributing outstandingly to the balance of payment of the country through remittance. In your opinion, how far is it appropriate for Nepal to have excessive dependence on remittance? What should be done for an alternative to remittance in the longrun?)

२. आर्थिक विकास भनेको के हो? नेपालको आर्थिक विकासमा के-कस्ता चुनौतीहरू रहेका छन्? वर्णन गर्नुहोस् । २+८=१०
(What is economic development? What are the challenges of economic development in Nepal? Explain.)

३. नेपालको विकासका लागि विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र एशियाली विकास बैंकको भूमिकाको विवेचना गर्नुहोस् । १०
(Analyze the role of the World Bank, International Monetary Fund and Asian Development Bank in the development of Nepal.)

४. नेपालको चालू पन्ध्रौं योजनाका राष्ट्रिय उद्देश्य र राष्ट्रिय रणनीतिहरूबारे विवेचना गर्नुहोस् ।४+६=१०
(Describe the national objective and national strategies of the current fifteenth plan of Nepal.)

खण्ड "ख" ३० अङ्क

५. नेतृत्व भनेको के हो? संगठनमा कार्यरत कर्मचारीलाई नेतृत्वले कसरी कामप्रति उत्प्रेरित गर्न सक्दछ? वर्णन गर्नुहोस् । ३+७=१०
(What is leadership? How can a leader motivate the employees working in an organization? Describe.)

क्रमशः

६. संगठनमा संचारको महत्वमाथि प्रकाश पार्नुहोस् । संगठनभित्र हुने संचारका विभिन्न विधिहरू उल्लेख गर्नुहोस् । ५+५=१०
(Highlight the importance of communication in an organization. Write down the different ways of communication within the organization.)

७. औद्योगिक सम्बन्धको अवधारणाबारे उल्लेख गर्दै व्यवस्थापन र कामदारबीचका विवाद समाधान गर्न सामूहिक सौदावाजीले कसरी सहयोग पुर्‍याउँदछ? चर्चा गर्नुहोस् । ५+५=१०
(Mention the concept of industrial relations. Describe how collective bargaining supports to solve the disputes between management and workers.)

## खण्ड "ग" ३० अङ्क

८. नेपालको संविधानबमोजिम राज्यको संरचना र राज्यशक्तिको बाँडफाँडसम्बन्धी गरिएको व्यवस्था उल्लेख गर्नुहोस् । साथै नेपालमा संघीय इकाइहरू (संघ, प्रदेश र स्थानीय तह) बीच अन्तरसम्बन्ध कायम गर्न के कस्ता संवैधानिक व्यवस्था गरिएको छ? विवेचना गर्नुहोस् । ४+६=१०
(Mention the structure of state and distribution of state power as per the Constitution of Nepal. What constitutional provisions are there for maintaining interrelations between federal units (Federation, Province and Local Level)? Explain.)

९. विद्यमान नेपाल राष्ट्र बैंक ऐनबमोजिम नेपाल राष्ट बैंकको उद्देश्य र कार्यहरू उल्लेख गर्नुहोस् । १०
(Write down the objectives and functions of Nepal Rastra Bank according to the existing Nepal Rastra Bank Act.)

१०. बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अनुसार बैंक तथा वित्तीय संस्थाको खारेजी कसरी गर्न सकिन्छ? उल्लेख गर्नुहोस् । १०
(How can the banks and financial institutions be liquidated as per the Banks and Financial Institutions Act, 2073? Mention.)

:: समाप्त ::

# नेपाल राष्ट्र बैंक
## सहायक द्वितीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा
## प्रथम पत्र
### मिति :- २०६७/१०/०८
### विषय :- सामान्य ज्ञान, रचना र गणित

**समय :- ३ घण्टा** **पूर्णाङ्क :- १००**

**परीक्षार्थीले उत्तर दिंदा खण्ड (ख) को लागि नेपाली भाषा र खण्ड (क) तथा (ग) को लागि नेपाली वा अंग्रेजी भाषाको माध्यमबाट दिनु पर्नेछ ।**

**खण्ड (क) सामान्य ज्ञान** **(३०अङ्क )**

**सबै प्रश्न समान अङ्कका छन् ।**

१. राष्ट्रिय गान नभएको देश र लिखित संविधान नभएको देशका नामहरु लेख्नुहोस् ।

२. चीन, हङ्कङ्ग र कतारको मुद्रालाई के भनिन्छ ?

३. नेपाल राष्ट्र बैंकका गभर्नरले को संग गभर्नर पदको शपथ ग्रहण लिन्छन् र गभर्नर पदको कार्यकाल कति वर्षको हुन्छ ?

४. नेपालका कुन दुई जिल्लाहरुको क्षेत्रफल समान (१५४६ वर्ग कि.मि.) छ ?

५. बैंक तथा वित्तीय संस्थाले भाखा नाघेको आधारमा कर्जा सापटलाई कुन चार शीर्षकहरुमा वर्गीकृत गर्नुपर्दछ ?

६. निम्न पुस्तकका लेखक् को हुन् ?
क) सत्य कलि संवाद ख) रघुवंश ग) अष्टध्यायी

७. SWIFT को पूरा रुप (Full Form) के हो ? यसको केन्द्रीय कार्यालय कहाँ छ ?

८. संयुक्त राष्ट्र संघ र एशियाली विकास बैंकमा हाल कति कति सदस्य राष्ट्रहरु रहेको छन् ?

९. निर्माणको प्रक्रियामा रहेका चमेलिया र राहुघाट जलविद्युत आयोजनाहरु कति कति मेगावाटका हुन् ? साथै, एक मेगावाटमा कति वाट (Watt) हुन्छ ?

१०. नेपालको अन्तरिम संविधान २०६३ मा जम्मा कति भाग रहेको छ ? मौलिक हक सम्बन्धी व्यवस्था कुन भागमा छ ?

११. थापाथली सन्धी कुन कुन देशवीच कहिले भएको थियो ?

१२. नेपालमा देहायका मुद्राहरु क-कस्ले चलाएका हुन् ?
क) तामाको पैसा ख) छालाको पैसा

१३. नेपालको सबैभन्दा लामो र सबैभन्दा ठूलो नदी कुन कुन हुन ?

१४. तल दिइएका नृत्यहरु कुन कुन समुदायसंग सम्बन्धीत छन् ? उल्लेख गर्नुहोस ।
क) कार्तिक नाच ख) झुमरी नाच ग) सोरठी नाच

१५. सरकारले आ.व. २०६७/०६८ को लागि कति रकमको बजेट प्रस्तुत गरेको छ ? र यसमध्ये पुँजीगत तर्फ कति छुट्टाइएको छ, रु. अर्बमा उल्लेख गर्नुहोस ।

१६. सन् २०१० मा नोबेल शान्ति पुरस्कार कुन देशका के नाम गरेका व्यक्तिलाई प्रदान गरिएको छ ?

१७. रोमन म्यागासेसे पुरस्कारबाट हालसम्म सम्मानित हुने नेपालीहरुको नाम उल्लेख गर्नुहोस ।

१८. निम्न उपनाम भएमा लेखकहरुको वास्तविक नाम के के हुन् ?
क) पारिजात ख) वैरागी काईला

१९. "सिएनएन हिरो २०१०" बाट सम्मानित हुने नेपाली व्यक्तित्वको नाम र आवद्ध हुनु भएको संस्थाको नाम उल्लेख गर्नुहोस ?

२०. निम्न खेलाडीहरु कुन कुन खेलसंग सम्बन्धित छन् ?
क) दिपक महर्जन ख) सारादेवी तामांग ग) विनोद दास

**खण्ड (ख) रचना** **(२० अङ्क )**

**(अ) तल दिइएका मध्ये कुनै एक विषयमा निबन्ध लेख्नुहोस् ।** **(१५)**

१. देशको आर्थिक विकासमा मानव संशाधन विकासको महत्व
२. "पर्यटन वर्ष २०११: पर्यटनका लागि ऐकवद्धता"
३. वैदेशिक रोजगार र गरिबी निवारण

क्रमश:

(आ) **तल दिइएको अनुच्छेदको सारांश लेख्नुहोस् र एक उपयुक्त शीर्षक पनि दिनुहोस् ।** (५)

नेपालको समुन्नतिको लागि कृषि क्षेत्रको अत्यन्त महत्वपूर्ण स्थान रहेको भएतापनि सरकार र किसानको न्यून लगानीका कारण कृषि क्षेत्रको उत्पादनको वृद्धिदर उच्च हुन सकेको छैन । कृषि उत्पादन र उत्पादकत्वमा अपेक्षित वृद्धि हुन नसक्नुका अतिरिक्त मनसुनको अनिश्चितता, जलवायु परिवर्तन, सिचाइको अभाव, सीमान्त भूमिमा कृषिको लागि चाप, उपयुक्त प्रविधिको प्रयोगमा कमि, बजारमा किसानको कम पहुँच, समय समयमा देखापर्ने पशुपन्छी सम्बन्धी रोगको प्रकोप जस्ता चुनौतिहरु कृषि क्षेत्रमा विद्यमान रहेका छन् । यस क्षेत्रमा अन्य चुनौतिहरुमा कृषिको व्यवसायीकरणका लागि निजी क्षेत्रको लगानी आकर्षित गर्न पर्याप्त प्रयास नहुनु, पहाडी दुर्गम क्षेत्रमा रासायनिक मलको निरन्तर र पर्याप्त आपूर्ति हुन नसक्नु, कृषिमा व्यवसायिक पकेट क्षेत्रको विकास अपेक्षित रुपमा हुन नसक्नु, स्यालो ट्युबवेल लगायतका सिचाइ सुविधाहरु आवश्यकता अनुसार विस्तार हुन नसक्नु, कृषिमा व्यवसायीकरणका लागि भौतिक पूर्वाधार पर्याप्त नहुनु, उन्नत नश्लका पशुपन्छीको अभाव, स्तरयुक्त प्रयोगशाला तथा प्रविधी विकास र विस्तार केन्द्रहरुको सञ्जालको अभाव, कृषि तथा पशुजन्य उद्योगको विकासको कमि आदि रहेका छन् । त्यसैले उल्लेखित चुनौतिहरुको सामना गर्दै यस क्षेत्रको दिगो विकास गरी राष्ट्रिय अर्थतन्त्रमा थप सहयोग पुऱ्याउनुपर्ने राष्ट्रिय दायित्व बनेको छ ।

## खण्ड (ग) गणित (५०अङ्क )

**सबै प्रश्न समान अङ्कका छन् ।**

१. कुनै साँवा १० वर्षमा डेढ गुणा (१५० प्रतिशत) ले वृद्धि हुन वार्षिक साधारण ब्याजदर कति हुनुपर्दछ ? उक्त साँवा ८ वर्ष ४ महिनामा दोब्बर हुन ब्याज दर कति भए पुग्छ ?

२. दुइटा व्यक्तिहरुको मासिक आम्दानी ४:५ को अनुपातमा र उनीहरुको मासिक खर्च ३:४ को अनुपातमा छ । यदि प्रत्येकले मासिक रुपमा रु. ५००० बचाउँछ भने उनीहरुको मासिक आम्दानी कति-कति होला ?

३. एक व्यापारीले १०० दर्जन सुन्तला प्रति दर्जन रु. ३० मा खरीद गरेकोमा ५ दर्जन सुन्तला बिग्रिएकोले अब बाँकि सुन्तला प्रति दर्जन कतिमा बिक्री गरेमा १४ प्रतिशत नाफा प्राप्त गर्न सक्ला ? प्रति दर्जन रु. ३३ मा बिक्री गर्दा कति प्रतिशत नाफा/नोक्सान होला ?

४. रामले आफ्नो आम्दानीको ७५ प्रतिशत खर्च गर्छन । उनको आम्दानी २० प्रतिशत र खर्च १० प्रतिशतले वृद्धि हुँदा उनको बचत प्रतिशत कति होला ?

५. २५ लोग्ने मानिस, १५ स्वास्नी मानिस र १० केटाकेटीसंगै काम गर्दा प्रतिदिन औसत रु २८० पाउँछन् । केटाकेटीको तलब भन्दा दुई गुना बढी स्वास्नीमानिसले र स्वास्नीमानिसको तलबभन्दा दुईगुना बढी लोग्ने मानिसले पाउँछन् भने प्रत्येकको प्रतिदिनको औसत तलब कति होला ?

६. सरल गर्नुहोस् : १२.३४५६+७८९.०१२ x १२.५० ÷ ७.५ x १२.४८ ÷ २.५+२.५४

७. ५० जनालाइ दैनिक ८ घण्टा काम गरेर एउटा काम सक्न १२ दिन लाग्यो भने ६० जनालाइ त्यो भन्दा दोब्बर ठूलो काम १६ दिनमा सक्न दैनिक कति घण्टा काम गर्नुपर्ला ?

८. १५ वटा मेच र २ वटा टेबुलको मूल्य रु. ४००० पर्दछ । यदि ४ वटा टेबुलको मूल्य १० वटा मेचको बराबर छ भने १२ वटा मेच र ३ वटा टेबुलको मूल्य कति पर्ला ?

९. यदि कुनै रकमको ३/५ भाग रु. ७२० हुन्छ भने कुल रकमको दुई तिहाइ भाग घटाउँदा कति रकम बाँकि रहन्छ ?

१०. श्यामले १३० पूर्णांकको अंग्रेजी विषयमा ७० प्रतिशत, १२५ पूर्णांकको विज्ञान विषयमा ६० प्रतिशत र १५० पूर्णांकको गणित विषयमा ८० प्रतिशत अंक प्राप्त गरेको छ भने उसले कुलमा कति प्रतिशत अंक प्राप्त गरेको रहेछ ?

*****

नेपाल राष्ट्र बैंक

सहायक द्वितीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा

द्वितीय पत्र

मिति २०६७/१०/०८

विषय:- बैंकिङ्ग तथा लेखा

समय:- ३ घण्टा पूर्णाङ्क :- १००

**कुनै आठ प्रश्नहरुको उत्तर लेख्नुहोस् । सबै प्रश्न समान अङ्कका छन् । परीक्षार्थीहरुले नेपाली वा अंग्रेजी माध्यमबाट उत्तर दिन सक्नेछन् ।**

१. केन्द्रीय बैंक भन्नाले के बुझ्नुहुन्छ ? नेपाल राष्ट्र बैंकले बैंकहरुको बैंक र सरकारको बैंकको रुपमा के कस्ता कार्यहरु सम्पादन गर्दछ ? विस्तृत चर्चा गर्नुहोस् ।

२. वाणिज्य बैंकले गर्ने कार्यहरु संक्षेपमा वर्णन गर्नुहोस ।

३. मनिचेञ्जर व्यवसाय के हो ? यसको सञ्चालन प्रक्रिया बारे प्रकाश पार्नुहोस ।

४. नाफा नोक्सान हिसाब किन तयार पारिन्छ ? नाफा-नोक्सान हिसाबको ढाँचा तयार गरी पांच पांचवटा खर्च र आम्दानीका कारोबारहरु देखाउनुहोस् ।

५. बैंक हिसाब मिलान विवरण (Bank Reconciliation Statement) भनेको के हो ? निम्न विवरणहरुबाट बिसिडि कम्पनीको ३१ डिसेम्बर २०१० को हिसाब मिलान विवरण तयार गरी बैंक पासबुक अनुसारको मौज्दात निकाल्नुहोस् ।

a. The Bank overdraft as per cash book 31st December 2010 is Rs. 6340.

b. Interest on overdraft for 6 month ending 31st December 2010 Rs. 160 is entered in passbook.

c. Bank charges of Rs. 30 for the above paid are debited in the passbook.

d. Cheque issued but not cashed prior to 31st December 2010 amounted to Rs. 1168.

e. Cheque paid into bank but not cleared before 31st December 2010 were for Rs. 2170.

f. Interest on investment collected by the bank and credited in the passbook Rs. 1200.

६. सन्तुलन परिक्षण (Trial Balance) कहिले तयार पारिन्छ ? सन्तुलन परीक्षणद्वारा गल्ति पत्ता लगाउन चालिने कदमहरुको बारेमा उल्लेख गर्नुहोस् ।

७. आन्तरिक नियन्त्रण (Internal Control) प्रणाली भन्नाले के बुझ्नुहुन्छ ? नगद तथा चेकको भुक्तानी गर्दा आन्तरिक नियन्त्रण प्रणाली विद्यमान रहेको यकिन गर्नको लागि के के प्रक्रिया अपनाउनु पर्दछ ? बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।

८. वित्तीय अनुपात (Financial Ratio) भन्नाले के बुझ्नुहुन्छ ? कुनै दुईवटा वित्तीय अनुपातहरुको उदाहरण दिदै सो वित्तीय अनुपातहरुको सीमाबारे प्रकाश पार्नुहोस् ।

९. तथ्याङ्क संकलनमा अपनाइने नमूना विधीहरु (Sampling Methods) उल्लेख गर्दै ती मध्ये कुनै दुई विधीहरुको बारेमा उदाहरण सहित वर्णन गर्नुहोस् ।

१०. तल दिइएका मध्ये कुनै दुईवटाको संक्षेपमा वर्णन गर्नुहोस ।

क) बैंक नगदी किताब

ख) लघुवित्त विकास बैंक

ग) स्थिर सम्पत्ति

*****

# नेपाल राष्ट्र बैंक
## सहायक द्वितीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा
## द्वितीय पत्र

**मिति २०६६/०१/०५**

**विषय :- बैंकिङ्ग तथा लेखा**

समय :- ३ घण्टा                                                    पूर्णाङ्क :- १००

**कुनै आठ प्रश्नहरुको उत्तर लेख्नुहोस् । सबै प्रश्न समान अङ्कका छन् ।**

१. नेपाल राष्ट्र बैंकले नियमित रुपमा सम्पादन गर्ने कार्यहरु मध्ये कुनै चार वटाको छोटकरीमा वर्णन गर्नुहोस् ।

२. ग्रामीण विकास बैंकहरुको प्रमुख उद्देश्य तथा कार्यहरुका बारेमा उल्लेख गर्नुहोस् ।

३. बैंक नगदी कितावको परिचय दिनुका साथै बैंक नगदी कितावको ढाँचा तयार गरी कुनै पाँच वटा कारोवारको प्रविष्टी (entry) गरी देखाउनुहोस् ।

४. नाफा-नोक्सान खाताको महत्व बारे प्रकाश पार्दै कुल नाफा र खूद नाफा बीचका भिन्नताहरु बुँदागत रुपमा प्रस्तुत गर्नुहोस् ।

५. तल दिइएका मध्ये कुनै दुई वटाको छोटकरीमा वर्णन गर्नुहोस् ।
   - (क) वासलात
   - (ख) ह्रासकट्टी
   - (ग) आन्तरिक लेखापरीक्षण
   - (घ) शेयर पूँजी
   - (ङ) हिसावमिलान विवरण (Reconciliation Statement)

६. सन्तुलन परीक्षण (Trial Balance) को उद्देश्य तथा महत्व बारे उल्लेख गर्दै सन्तुलन परीक्षणद्वारा गल्तीको खोजी गर्न प्रयोग गरिने कदमहरु (Steps to Locate Errors) बारे बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।

७. आन्तरिक जाँच (Internal Check) र आन्तरिक नियन्त्रण (Internal Control) बीच के फरक छ? कुनै कम्पनीको स्वस्थ विकासको लागि आन्तरिक जाँच र आन्तरिक नियन्त्रण किन आवश्यक छ?

८. वित्तीय अनुपात (Financial Ratio) भनेको के हो? वित्तीय अनुपात अन्तर्गत Current Ratio र Quick Ratio को महत्व बारे प्रकाश पार्नुहोस् ।

९. प्राथमिक तथ्याङ्क (Primary Data) र द्वितीयक तथ्याङ्क (Secondary Data) लाई परिभाषित गर्दै प्रत्येकको फाईदा र बेफाईदाको विषयमा वर्णन गर्नुहोस् ।

१०. मनिचेञ्जर र मनिट्रान्सफर भन्नाले के बुझ्नु हुन्छ? यी दुईमा के भिन्नता छ? प्रष्ट्याउनु होस् ।

✡ ✡ ✡

**तल दिइएको अनुच्छेदको सारांश लेख्नुहोस् र एक उपयुक्त शीर्षक पनि दिनुहोस्।** (५)

पहाड र तराईका बीच मुख्य तीन वटा अन्तरसम्बन्ध रहेका छन् । पहिलो पर्यावरणीय, दोश्रो जनसांख्यिकीय र तेश्रो आर्थिक । नेपालका सबै नदीहरु हिमालबाट पहाड हुँदै तराईतिर झरेका छन् । पहाडको पर्यावरणीय ह्रासले तराईलाई नराम्ररी असर गर्दछ । बाढी, पहिरो र भूक्षयले गर्दा उत्पादकत्व समेत घट्दछ । तराईको जनघनत्व बढ्नुमा पहाडबाट हुने बसाईसराई पनि एक हो । पहाडमा अवसरको कमि र कष्टकर जनजीवनले गर्दा तराई झर्न उत्प्रेरित गरिरहेको छ । यस्तो अव्यवस्थित बसाईसराईले जनसांख्यिकीय अव्यवस्था बढ्दै जान्छ । तराईका उत्पादनको बजारको रुपमा पहाडको विकास भईरहेको छ । पहाडको उत्पादनले तराईसंगको व्यापारमा सन्तुलन ल्याउन सकेको छैन । यसले बसाईसराईमा थप योगदान गरिरहेको छ । यसले पहाडमा थप प्रतिकूलता ल्याउछ । पहाडका पढे लेखेका व्यक्ति तराईमा बसाईसराई गर्नु आर्थिक दृष्टिले पहाडको विपक्ष र तराईकै पक्षमा हुन्छ । यसर्थ तराई र पहाडको अन्तरसम्बन्धलाई सही विश्लेषण गरी उपर्युक्त तीन आधारको सन्तुलन मिलाई विकासको योजना बनाउन आवश्यक भईसकेको छ । पहाडबाट झरेका नदीहरुबाट बिजुली, खानेपानी र सिंचाईको विकास गर्ने, पहाडलाई जडीबूटी, खनिज व्यवसाय, फलफूल खेती, पशुपालन, पर्यटन आदि क्षेत्रको विकास गर्ने, तराईलाई खाद्यान्न तथा नगदेवाली उत्पादन तथा प्रशोधनकेन्द्र बनाउन योजनाकारले उपयुक्त नीति निर्माण गर्नु पर्ने देखिन्छ ।

## खण्ड (ग) गणित (५० अङ्क)

**सबै प्रश्न समान अङ्कका छन्।**

१. प्रतिलिटर पेट्रोलबाट १० किलोमिटर चल्न सक्ने मोटरगाडी दश महिनामा ५,००० किलोमिटर दगुर्‍यो भने प्रतिलिटर रु.६०।- का दरले प्रतिमहिना कति खर्च भयो होला ?

२. एउटा रेडियो रु.१७,०००।- मा बिक्री गर्दा १५ प्रतिशत नोक्सान हुन्छ भने २५ प्रतिशत नाफा गर्न कतिमा बिक्री गर्नु पर्ला ?

३. ३ जना मानिस वा ६ जना केटाले एउटा काम १५ दिनमा गर्न सक्छन् भने ७ जना मानिस र ४ जना केटाले सोही काम कति दिनमा गर्न सक्छन् ?

४. रामहरीले २०६५ साल फागुन १ गते ५ लाख रुपियां वार्षिक ६.५ प्रतिशत साधारण ब्याजदरमा एविसी बैंकमा निक्षेप जम्मा गरेछन् । २०७० साल माघ मसान्तका दिन उक्त निक्षेप झिक्दा उनले कुल कति रकम पाउलान् ?

५. एउटा व्यक्तिले रु.३,०००।- का दरले खरीद गरेका ३ वटा टेबुल बेच्दा पहिलोमा १५ प्रतिशत र दोश्रोमा १७ प्रतिशत मुनाफा भएछ । तेश्रो टेबुल बेच्दा भने केही टूटफूट भएकोले ७ प्रतिशत घाटामा गएछ । उसको कुल मूनाफा रकम कति भएछ र लगानीमा कति प्रतिशत नाफा भएछ ?

६. भोजले १५० पूर्णाङ्कको अंग्रेजीमा ८० प्रतिशत अङ्क, १२० पूर्णाङ्कको रशायनशास्त्रमा ७० प्रतिशत र १३० पूर्णाङ्कको भौतिकशास्त्रमा ९० प्रतिशत अङ्क ल्याएछ भने उनले पाएको जम्मा अङ्कको प्रतिशत कति होला ?

७. यदि कुनै रकमको ४/७ भाग बराबर रु.२४०।- हुन्छ भने कुल रकमको १/४ भाग घटाउँदा कति रकम बाँकी रहन्छ ?

८. सरल गर्नुहोस् : १.०३३ x २.७३ + १.०६७ - २.००५ ।

९. एउटा मानिसले आफूसंग रहेको रकमको १५ प्रतिशत बृद्धाश्रमलाई, २५ प्रतिशत रकम बालगृहलाई, ३५ प्रतिशत रकम बाढीपिडितको सहयोगको लागि दिएर बाँकी रहेको रु.४५,०००।- घर खर्चका लागि श्रीमतीलाई दिएछ भने उसंग जम्मा कति रकम रहेछ ?

१०. राम, हरि र सीतालाई ७ : ४ : ९ को अनुपातमा रु.१,२०,०००।- भाग लगाउँदा राम, हरि र सीता प्रत्येकको भागमा कति कति रकम पर्ला ?

☆ ☆ ☆

# नेपाल राष्ट्र बैंक
## सहायक द्वितीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा
### प्रथम पत्र
### मिति २०६६/०१/०५

**विषय :- सामान्य ज्ञान, रचना र गणित।**

**समय :- ३ घण्टा** **पूर्णाङ्क :- १००**

**खण्ड (क) सामान्य ज्ञान** (३० अङ्क)

**सबै प्रश्न समान अङ्कका छन्।**

१. नेपाल कहिले गणतन्त्र घोषित भयो? वि.सं.मा साल, महिना र गते लेख्नुहोस्।
२. नेपालको भित्री मधेशमा पर्ने जिल्लाहरुको नाम लेख्नुहोस्।
३. सप्तगण्डकी नदीका प्रमुख सात सहायक नदीहरु कुन कुन हुन्?
४. बैंक तथा वित्तीय संस्था ऐन २०६३ अनुसार क, ख, ग र घ वर्गमा कुन कुन बैंक तथा वित्तीय संस्थाहरु पर्दछन्?
५. निम्न कृतिका लेखक को को हुन?
   (क) राधा (ख) अविरल बग्दछ ईन्द्रावती (ग) मौन पहाड
६. अमेरिकी राष्ट्रपति बाराक ओवामा कुन पार्टीका हुन? उनले राष्ट्रपतिको पदभार कहिले सम्हाले? इस्वी सन्मा मिति लेख्नुहोस्।
७. काष्ठमण्डप कुन राजाको पालामा बनेको हो?
८. बराहक्षेत्र, पाथिभरा मन्दिर र सिद्धपोखरी कुन कुन जिल्लामा पर्दछन्?
९. गुरुत्वाकर्षणको सिद्धान्त पत्ता लगाउने वैज्ञानिकको पूरा नाम के हो?
१०. 'बेद', 'त्रिपिटक' र 'कुरान' कुन कुन धर्मका ग्रन्थहरु हुन?
११. "चोरेर पास हुनुभन्दा फेल हुनु गौरब हो भनी मेरो छोरालाई सिकाई दिनोस्" यो उक्ति कसले कसलाई भनेको हो?
१२. नेपाल, भारत र चीनका राष्ट्रिय खेल के के हुन्?
१३. मोवाईल फोनको SIM Card मा प्रयोग हुने SIM को बिस्तारित रुप के हो?
१४. पाँचौं राष्ट्रिय खेलकूद कहिले र कहाँ भयो? यस खेलकूदको नारा के थियो?
१५. Slum Dog Millionaire फिल्मले सन् २००८ को OSCAR पुरस्कार कति विधामा प्राप्त गऱ्यो?
१६. नेपालको पहिलो बाणिज्य बैंक कुन हो र यसको स्थापना कहिले भएको थियो? वि.सं.मा लेख्नुहोस्।
१७. नेपालमा पहिलो पटक कागजी नोट कति साल (वि.सं.) मा कुन निकायले निष्काशन गरेको थियो?
१८. नेपाल राष्ट्र बैंकको हालको संचालक समितिको अध्यक्ष को हुनुहुन्छ? उहाँको पूरा नाम लेख्नुहोस्।
१९. सन् २००९ मा G20 राष्ट्रहरुको बैठक कहिले र कहाँ बसेको थियो?
२०. निम्न देशहरुको मुद्रालाई के भनिन्छ?
   (क) बंगलादेश (ख) थाईलैण्ड (ग) मलेसिया

**खण्ड (ख) रचना** (२० अङ्क)

**तल दिइएका मध्ये कुनै एक विषयमा निबन्ध लेख्नुहोस्।** (१५)

१. मेरो कल्पनाको नयाँ नेपाल
२. आर्थिक विकासमा बैंक तथा वित्तीय संस्थाहरुको भूमिका
३. गुणात्मक शिक्षा, आजको आवश्यकता

क्रमशः ...

# नेपाल राष्ट्र बैंक
## सहायक द्वितीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा
## द्वितीय पत्र
### मिति २०६७/१०/०८
### विषय:- बैंकिङ्ग तथा लेखा

**समय:- ३ घण्टा** **पूर्णाङ्क :- १००**

**कुनै आठ प्रश्नहरुको उत्तर लेख्नुहोस् । सबै प्रश्न समान अङ्का छन् । परीक्षार्थीहरुले नेपाली वा अंग्रेजी माध्यमबाट उत्तर दिन सक्नेछन् ।**

१. केन्द्रीय बैंक भन्नाले के बुझ्नुहुन्छ ? नेपाल राष्ट्र बैंकले बैंकहरुको बैंक र सरकारको बैंकको रुपमा के कस्ता कार्यहरु सम्पादन गर्दछ ? विस्तृत चर्चा गर्नुहोस् ।

२. वाणिज्य बैंकले गर्ने कार्यहरु संक्षेपमा वर्णन गर्नुहोस ।

३. मनिचेञ्जर व्यवसाय के हो ? यसको सञ्चालन प्रक्रिया बारे प्रकाश पार्नुहोस ।

४. नाफा नोक्सान हिसाब किन तयार पारिन्छ ? नाफा-नोक्सान हिसाबको ढाँचा तयार गरी पाँच पाँचवटा खर्च र आम्दानीका कारोवारहरु देखाउनुहोस् ।

५. बैक हिसाब मिलान विवरण (Bank Reconciliation Statement) भनेको के हो ? निम्न विवरणहरुबाट बिसिडि कम्पनीको ३१ डिसेम्बर २०१० को हिसाब मिलान विवरण तयार गरी बैंक पासबुक अनुसारको मौज्दात निकाल्नुहोस् ।

a. The Bank overdraft as per cash book 31st December 2010 is Rs. 6340.

b. Interest on overdraft for 6 month ending 31st December 2010 Rs. 160 is entered in passbook.

c. Bank charges of Rs. 30 for the above paid are debited in the passbook.

d. Cheque issued but not cashed prior to 31st December 2010 amounted to Rs. 1168.

e. Cheque paid into bank but not cleared before 31st December 2010 were for Rs. 2170.

f. Interest on investment collected by the bank and credited in the passbook Rs. 1200.

६. सन्तुलन परिक्षण (Trial Balance) कहिले तयार पारिन्छ ? सन्तुलन परीक्षणद्वारा गल्ति पत्ता लगाउन चालिने कदमहरुको बारेमा उल्लेख गर्नुहोस् ।

७. आन्तरिक नियन्त्रण (Internal Control) प्रणाली भन्नाले के बुझ्नुहुन्छ ? नगद तथा चेकको भुक्तानी गर्दा आन्तरिक नियन्त्रण प्रणाली विद्यमान रहेको यकिन गर्नको लागि के के प्रक्रिया अपनाउनु पर्दछ ? बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।

८. वित्तीय अनुपात (Financial Ratio) भन्नाले के बुझ्नुहुन्छ ? कुनै दुईवटा वित्तीय अनुपातहरुको उदाहरण दिँदै सो वित्तीय अनुपातहरुको सीमावारे प्रकाश पार्नुहोस् ।

९. तथ्यांक संकलनमा अपनाइने नमूना विधीहरु (Sampling Methods) उल्लेख गर्दै ती मध्ये कुनै दुई विधीहरुको वारेमा उदाहरण सहित वर्णन गर्नुहोस् ।

१०. तल दिइएका मध्ये कुनै दुईवटाको संक्षेपमा वर्णन गर्नुहोस ।

क) बैंक नगदी किताब

ख) लघुवित्त विकास बैंक

ग) स्थिर सम्पत्ति

*****

**(आ) तल दिइएको अनुच्छेदको सारांश लेख्नुहोस् र एक उपयुक्त शीर्षक पनि दिनुहोस् ।** **(५)**

नेपालको समुन्नतिको लागि कृषि क्षेत्रको अत्यन्त महत्वपूर्ण स्थान रहेको भएतापनि सरकार र किसानको न्यून लगानीका कारण कृषि क्षेत्रको उत्पादनको वृद्धिदर उच्च हुन सकेको छैन । कृषि उत्पादन र उत्पादकत्वमा अपेक्षित वृद्धि हुन नसक्नुका अतिरिक्त मनसुनको अनिश्चितता, जलवायु परिवर्तन, सिंचाइको अभाव, सीमान्त भूमिमा कृषिको लागि चाप, उपयुक्त प्रविधिको प्रयोगमा कमि, बजारमा किसानको कम पहुँच, समय समयमा देखापर्ने पशुपन्छी सम्बन्धी रोगको प्रकोप जस्ता चुनौतिहरु कृषि क्षेत्रमा विद्यमान रहेका छन् । यस क्षेत्रमा अन्य चुनौतिहरुमा कृषिको व्यवसायीकरणका लागि निजी क्षेत्रको लगानी आकर्षित गर्न पर्याप्त प्रयास नहुनु, पहाडी दुर्गम क्षेत्रमा रासायनिक मलको निरन्तर र पर्याप्त आपूर्ति हुन नसक्नु, कृषिमा व्यवसायिक पकेट क्षेत्रको विकास अपेक्षित रुपमा हुन नसक्नु, स्यालो ट्यूववेल लगायतका सिंचाई सुविधाहरु आवश्यकता अनुसार विस्तार हुन नसक्नु, कृषिमा व्यवसायीकरणका लागि भौतिक पूर्वाधार पर्याप्त नहुनु, उन्नत नश्लका पशुपन्छीको अभाव, स्तरयुक्त प्रयोगशाला तथा प्रविधी विकास र विस्तार केन्द्रहरुको सञ्जालको अभाव, कृषि तथा पशुजन्य उद्योगको विकासको कमि आदि रहेका छन् । त्यसैले उल्लेखित चुनौतिहरुको सामना गर्दै यस क्षेत्रको दिगो विकास गरी राष्ट्रिय अर्थतन्त्रमा थप सहयोग पुऱ्याउनुपर्ने राष्ट्रिय दायित्व बनेको छ ।

## खण्ड (ग) गणित **(५०अङ्क )**

**सबै प्रश्न समान अङ्कका छन् ।**

१. कुनै साँवा १० वर्षमा डेढ गुणा (१५० प्रतिशत) ले वृद्धि हुन वार्षिक साधारण व्याजदर कति हुनुपर्दछ ? उक्त साँवा ८ वर्ष ४ महिनामा दोब्बर हुन व्याज दर कति भए पुग्छ ?

२. दुइटा व्यक्तिहरुको मासिक आम्दानी ४:५ को अनुपातमा र उनीहरुको मासिक खर्च ७:९ को अनुपातमा छ । यदि प्रत्येकले मासिक रुपमा रु. ५००० बचाउँछ भने उनीहरुको मासिक आम्दानी कति-कति होला ?

३. एक व्यापारीले १०० दर्जन सुन्तला प्रति दर्जन रु. ३० मा खरीद गरेकोमा ५ दर्जन सुन्तला विग्रिएकोले अब बाँकि सुन्तला प्रति दर्जन कतिमा विक्री गरेमा १४ प्रतिशत नाफा प्राप्त गर्न सक्ला ? प्रति दर्जन रु. ३३ मा बिक्री गर्दा कति प्रतिशत नाफा/नोक्सान होला ?

४. रामले आफ्नो आम्दानीको ७५ प्रतिशत खर्च गर्छन । उनको आम्दानी २० प्रतिशत र खर्च १० प्रतिशतले वृद्धि हुँदा उनको बचत प्रतिशत कति होला ?

५. २५ लोग्ने मानिस, १५ स्वास्नी मानिस र १० केटाकेटीसंगै काम गर्दा प्रतिदिन औषत रुं २८० पाउँछन् । केटाकेटीको तलब भन्दा दुई गुना बढी स्वास्नीमानिसले र स्वास्नीमानिसको तलबभन्दा दुईगुना बढी लोग्ने मानिसले पाउँछन् भने प्रत्येकको प्रतिदिनको औसत तलब कति होला ?

६. सरल गर्नुहोस् : १२.३४५६+७८९.०१२ x १२.५० ÷ ७.५ x १२.४८ ÷ २.५+२.५४

७. ५० जनालाई दैनिक ८ घण्टा काम गरेर एउटा काम सक्न १२ दिन लाग्यो भने ६० जनालाई त्यो भन्दा दोब्बर ठूलो काम १६ दिनमा सक्न दैनिक कति घण्टा काम गर्नुपर्ला ?

८. १५ वटा मेच र २ वटा टेबुलको मूल्य रु. ४००० पर्दछ । यदि ४ वटा टेबुलको मूल्य १० वटा मेचको बराबर छ भने १२ बटा मेच र ३ वटा टेबुलको मूल्य कति पर्ला ?

९. यदि कुनै रकमको ३/५ भाग रु. ७२० हुन्छ भने कुल रकमको दुई तिहाई भाग घटाउँदा कति रकम बाँकि रहन्छ ?

१०. श्यामले १३० पूर्णांकको अंग्रेजी विषयमा ७० प्रतिशत, १२५ पूर्णांकको विज्ञान विषयमा ६० प्रतिशत र १५० पूर्णांकको गणित विषयमा ८० प्रतिशत अंक प्राप्त गरेको छ भने उसले कुलमा कति प्रतिशत अंक प्राप्त गरेको रहेछ ?

*****

# नेपाल राष्ट्र बैंक

## सहायक द्वितीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा

### प्रथम पत्र

### मिति :- २०६७/१०/०८

### विषय :- सामान्य ज्ञान, रचना र गणित

**समय :- ३ घण्टा** **पूर्णाङ्क :- १००**

**परीक्षार्थीले उत्तर दिंदा खण्ड (ख) को लागि नेपाली भाषा र खण्ड (क) तथा (ग) को लागि नेपाली वा अंग्रेजी भाषाको माध्यमबाट दिनु पर्नेछ ।**

**खण्ड (क) सामान्य ज्ञान** **(३०अङ्क )**

**सबै प्रश्न समान अङ्कका छन् ।**

१. राष्ट्रिय गान नभएको देश र लिखित संविधान नभएको देशका नामहरु लेख्नुहोस् ।

२. चीन, हङ्गकङ्ग र कतारको मुद्रालाई के भनिन्छ ?

३. नेपाल राष्ट्र बैंकका गभर्नरले को संग गभर्नर पदको शपथ ग्रहण लिन्छन् र गभर्नर पदको कार्यकाल कति वर्षको हुन्छ ?

४. नेपालका कुन दुई जिल्लाहरुको क्षेत्रफल समान (१५४६ वर्ग कि.मि.) छ ?

५. बैंक तथा वित्तीय संस्थाले भाखा नाघेको आधारमा कर्जा सापटलाई कुन चार शीर्षकहरुमा वर्गीकृत गर्नुपर्दछ ?

६. निम्न पुस्तकका लेखक् को हुन् ?
क) सत्य कलि संवाद ख) रघुवंश ग) अष्टध्यायी

७. SWIFT को पूरा रुप (Full Form) के हो ? यसको केन्द्रीय कार्यालय कहाँ छ ?

८. संयुक्त राष्ट्र संघ र एशियाली विकास बैंकमा हाल कति कति सदस्य राष्ट्रहरु रहेको छन् ?

९. निर्माणको प्रक्रियामा रहेका चमेलिया र राहुघाट जलविद्युत आयोजनाहरु कति कति मेगावाटका हुन् ? साथै, एक मेगावाटमा कति वाट (Watt) हुन्छ ?

१०. नेपालको अन्तरिम संविधान २०६३ मा जम्मा कति भाग रहेको छ ? मौलिक हक सम्वन्धी व्यवस्था कुन भागमा छ ?

११. थापाथली सन्धी कुन कुन देशवीच कहिले भएको थियो ?

१२. नेपालमा देहायका मुद्राहरु क-कस्ले चलाएका हुन् ?
क) तामाको पैसा ख) छालाको पैसा

१३. नेपालको सबैभन्दा लामो र सबैभन्दा ठूलो नदी कुन कुन हुन ?

१४. तल दिइएका नृत्यहरु कुन कुन समुदायसंग सम्बन्धीत छन् ? उल्लेख गर्नुहोस ।
क) कार्तिक नाच ख) झुमरी नाच ग) सोरठी नाच

१५. सरकारले आ.व. २०६७/०६८ को लागि कति रकमको बजेट प्रस्तुत गरेको छ ? र यसमध्ये पुँजीगत तर्फ कति छुट्टाइएको छ, रु. अर्बमा उल्लेख गर्नुहोस ।

१६. सन् २०१० मा नोबेल शान्ति पुरस्कार कुन देशका के नाम गरेका व्यक्तिलाई प्रदान गरिएको छ ?

१७. रोमन म्यागासेसे पुरस्कारबाट हालसम्म सम्मानित हुने नेपालीहरुको नाम उल्लेख गर्नुहोस ।

१८. निम्न उपनाम भएमा लेखकहरुको वास्तविक नाम के के हुन् ?
क) पारिजात ख) वैरागी काईला

१९. "सिएनएन हिरो २०१०" बाट सम्मानित हुने नेपाली व्यक्तित्वको नाम र आवद्ध हुनु भएको संस्थाको नाम उल्लेख गर्नुहोस ?

२०. निम्न खेलाडीहरु कुन कुन खेलसंग सम्बन्धित छन् ?
क) दिपक महर्जन ख) सारादेवी तामांग ग) विनोद दास

**खण्ड (ख) रचना** **(२० अङ्क )**

**(अ) तल दिइएका मध्ये कुनै एक विषयमा निबन्ध लेख्नुहोस् ।** **(१५)**

१. देशको आर्थिक विकासमा मानव संशाधन विकासको महत्व

२. "पर्यटन वर्ष २०११: पर्यटनका लागि ऐकवद्धता"

३. वैदेशिक रोजगार र गरिबी निवारण

क्रमश:

# नेपाल राष्ट्र बैंक

## सहायक द्वितीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा

## द्वितीय पत्र

### मिति:-२०६९/११/०५

### विषय:- बैंकिङ्ग तथा लेखा

समय:- ३ घण्टा पूर्णाङ्क:- १००

कुनै आठ प्रश्नको उत्तर दिनुहोस् । सबै प्रश्न समान अङ्कका छन् । परीक्षार्थीले नेपाली वा अंग्रेजी भाषामध्ये कुनै एक वा दुवै भाषामा उत्तर दिन सक्नेछन्।

१. नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको गठन प्रक्रिया र सञ्चालक समितिको काम, कर्तव्य र अधिकार बारेमा उल्लेख गर्नुहोस्।

२. "क" वर्गको वित्तीय संस्था भन्नाले के बुझ्नुहुन्छ ? यस्ता संस्थाले गर्ने कार्यहरुको बुँदागत रुपमा व्याख्या गर्नुहोस्।

३. लेखा परीक्षण र आन्तरिक लेखा परीक्षणमा के फरक छ ? कुनै पनि संस्थामा यिनीहरुको आवश्यकता बारे व्याख्या गर्नुहोस्।

४. वित्तीय अनुपात भन्नाले के बुझ्नुहुन्छ ? Current Ratio, Debt Equity Ratio र Credit Deposit Ratio को महत्व बारे लेख्नुहोस्।

५. गरिबी निवारणमा लघुवित्त संस्थाहरुको भूमिकाका बारेमा वर्णन गर्नुहोस्।

६. मनिट्रान्सफर व्यवसाय भनेको के हो ? मनिट्रान्सफर र मनिचेञ्जर व्यवसाय सञ्चालनमा भएका भिन्नताका सम्बन्धमा प्रकाश पार्नुहोस्।

७. सन्तुलन परीक्षण (Trial Balance) भन्नाले के बुझ्नुहुन्छ ? यसको उद्देश्य र महत्वमाथि प्रकाश पार्नुहोस्।

८. तथ्यांक संकलनका स्रोतहरुको व्याख्या गर्दै यसको सीमाहरुका बारेमा चर्चा गर्नुहोस्।

९. वासलात भनेको के हो ? वासलातको एउटा नमूना बनाई त्यसमा समावेश गरिने प्रमुख बुँदाहरु उल्लेख गर्नुहोस्।

१०. तल दिइएका विषयहरुमध्ये कुनै दुईको संक्षेपमा वर्णन गर्नुहोस्।

क) मुद्रा बजार र पूँजी बजारको भिन्नता

ख) ट्रेजरी विल

ग) प्रतित-पत्र

*****

**– निबन्धः** (२० अङ्क)

तल दिइएका मध्ये कुनै दुई विषयमा निबन्ध लेख्नुहोस्।

(१) नेपालको आर्थिक विकासमा नेपाल राष्ट्र बैंकको भूमिका।

(२) महिला सशक्तीकरण।

(३) नेपालमा सूचना प्रविधीको विकास र चुनौती।

## खण्ड (ख)

**– गणितः** (५० अङ्क)

सबै प्रश्न समान अङ्कका छन्।

(१) विद्यार्थी बस्ने एउटा होस्टलमा १५० जना विद्यार्थीहरुको लागि ४५ दिनलाइ पुग्ने खाद्यान्न रहेको थियो। १० दिनपछि २५ जना विद्यार्थीहरुले होस्टल छाडे भने बाँकी खाद्यान्नले कति दिनलाई बाँकी विद्यार्थीहरुलाई खुवाउन पुग्दछ ?

(२) एउटा विद्यालयका कक्षा ९ मा अध्ययन गर्ने ८ जनाको उमेर १३ बर्ष, ९ जनाको उमेर १४ बर्ष, ३ जनाको १६ बर्ष र ४ जनाको १८ बर्ष रहेछ भने उक्त कक्षाका विद्यार्थीको औषत उमेर कति रहेछ ?

(३) कुनै रकमको ३:४ भाग बराबर रु. १३५०।– हुन्छ भने सो कुल रकमबाट १:३ भाग घटाउँदा कति रकम बाँकी रहन्छ ?

(४) रघुनाथले किराना पसल संचालन गर्न वित्तीय संस्थाबाट बार्षिक १२ प्रतिशतका दरले रु. ३,४५,८००।– ऋण लिएछन्। उनले प्रत्येक ३ महिनामा ब्याज बुझाउनु पर्ने व्यवस्था बमोजिम उक्त वित्तीय संस्थामा प्रत्येक त्रैमासिक ब्याज बापत के कति रकम भुक्तानी गर्नु पर्दछ ?

(५) कुखुराको दाना बनाउन कारखानाले रु. २१।– प्रति के.जि. पर्ने गहुँ र रु. ३०।– प्रति के.जि. पर्ने मकैलाई ४:५ को अनुपातमा मिसाएर दाना तयार गरेछ भने उक्त दानाको प्रति के. जि. लागत कति पर्छ ?

(६) गत महिनामा रामलखनको घरमा २२५ युनिट विद्युत खपत भएछ। पहिलो २० युनिटको शुल्क रु. ६०।– र त्यसपछिको खपत युनिटको प्रति युनिट शुल्क रु. ५।५० रहेछ भने रामलखनले उक्त महिनामा कति रकम बुझाउनु पर्ला ?

(७) एउटा सुपरमार्केटको तयारी पोशाक कक्षामा सबै सामानमा बराबर छुट दिइएको थियो। यदि त्यहाँ जयराजले रु. २३००।– पर्ने पाइन्ट रु. २०७०।– मा खरिद गरेछन् भने बिजयराजले रु. ८५०।– पर्ने सर्ट कतिमा खरीद गरे होलान् ?

(८) बाबु र छोराको हालको उमेरको अनुपात ५:२ रहेको छ। ४ वर्षपछि सो अनुपात ११:५ हुन्छ भने बाबु र छोराको हालको उमेर कति कति होला ?

(९) एकजना व्यापारीले प्रतिलिटर रु. ३०।– को दरले किनेको ४०।– लिटर दुधमध्ये ८ लिटर चुहिएछ र बाँकी दुध प्रतिलिटर रु. ३२।– को दरले बिक्री भएछ भने उक्त कारोवारबाट उक्त व्यापारीलाई कति प्रतिशत नाफा वा नोक्सान भयो ?

(१०) सरल गर्नुहोस।

२४.६७९ + २८.३४५ X ७६.०१ ÷ ४५.४ X ३.२ ÷ ४.६ + २.०५

*****

# नेपाल राष्ट्र बैंक
## सहायक द्वितीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा
## प्रथम पत्र
### मिति :-२०६९/११/०५
### विषय :- सामान्य ज्ञान, निबन्ध र गणित

समय :- ३ घण्टा पूर्णाङ्क :- १००

परीक्षार्थीले उत्तर दिंदा निबन्धको लागि नेपाली भाषा र बाँकीको लागि नेपाली वा अंग्रजी भाषाको माध्यमबाट दिन सक्नेछन्।

**खण्ड (क)**

**- सामान्य ज्ञान :** (३० अङ्क)

सबै प्रश्न समान अङ्कका छन्।

१. गोरखापत्र प्रकाशनको प्रारम्भ कुन प्रधानमन्त्रीको पालामा कुन सालमा भएको हो ?
२. राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसंख्या कति र यसको वृद्धिदर कति प्रतिशत रहेको छ ?
३. महाकाली नदी पारि रहेका नेपालका गा. वि. स. हरुको नाम के हो र उक्त गा. वि. स. हरु कुन जिल्लामा पर्दछन् ?
४. निम्न तालहरु कुन कुन जिल्लामा पर्दछन् ?
   (क) खप्तड ताल (ख) कसरा ताल (ग) नन्द भाउजू ताल
५. नेपालको प्रमाणिक समय निर्धारण गर्दा कुन हिमाललाई आधार मानिएको छ ? ग्रिनविच समयभन्दा ५ घण्टा ४५ मिनट छिटो नेपालको प्रमाणिक समय रहने व्यवस्था कहिलेबाट शुरु भएको हो ?
६. नेपालको पहिलो वाणिज्य बैंकको नाम के हो र यसको स्थापना विक्रम सम्वत कति सालमा भएको थियो ? उक्त समयमा प्रधानमन्त्री को थिए ?
७. आउँदो ग्रीष्मकालीन ओलम्पिक खेल कुन मुलूकको कुन शहरमा र कहिले आयोजना हुँदैछ ?
८. सुगौली सन्धी कहिले भएको थियो र नेपालको तर्फबाट यसमा कसले हस्ताक्षर गरेका थिए ?
९. संयुक्त राष्ट्र संघले विश्वव्यापी मानव अधिकारको घोषणा कहिले गरेको थियो र यस घोषणा पत्रमा कतिवटा धाराहरु छन् ?
१०. निम्न मुलूकहरुको मुद्राको नाम लेख्नुहोस्।
   (क) अष्ट्रिया (ख) इजरायल (ग) भूटान
११. नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको अध्यक्ष को हुने व्यवस्था रहेको छ र उक्त समितिमा अध्यक्ष र सदस्यहरु गरी जम्मा कतिजना रहने प्रावधान रहेको छ।
१२. चीन र भारत दुवै मुलूकलाई छुने नेपालका जिल्लाहरु कति छन् ? ती जिल्लाहरुको नाम उल्लेख गर्नुहोस्।
१३. निम्न पुरस्कारको प्रथम विजेताको नाम उल्लेख गर्नुहोस्।
   (क) मदन पुरस्कार (ख) साझा पुरस्कार (ग) जगदम्बा पुरस्कार
१४. नेपालको वित्तीय नीति र मौद्रिक नीति कुन कुन निकायबाट तयार पारिन्छ ?
१५. न्याय परिषदमा अध्यक्ष बाहेक कति सदस्य रहने व्यवस्था छ ? न्याय परिषदको अध्यक्ष को हुन्छ ?
१६. नेपालको सिक्का छाप्ने टक्सार अड्डाको स्थापना कहिले भएको हो र नेपालमा सर्वप्रथम कागजी नोटको निष्काशन कुन सालदेखि भएको हो ?
१७. सप्तकोशीका सहायक नदीहरुमध्ये सबभन्दा ठूलो र सबभन्दा सानो नदीको नाम लेख्नुहोस्।
१८. सूचना प्रविधीको क्षेत्रमा प्रयोग हुने UPS र ADSL को विस्तारित रुप के हो ?
१९. नेपाली खेलाडीहरु जमुना गुरुङ र पारस खड्का कुन कुन खेलसंग सम्बन्धित छन् ?
२०. नेपालको पहिलो जलविद्युत आयोजनाको नाम, उत्पादन क्षमता र सञ्चालन भएको वर्ष उल्लेख गर्नुहोस्।

क्रमशः

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८१।०९।२७

चरण : द्वितीय

पत्र : द्वितीय

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

## विषय : Economics, Management, Banking Laws and Policies

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क"

४० अङ्क

१. नेपालको अर्थतन्त्रमा रहेको संरचनागत समस्याहरू औंल्याउँदै ती समस्या समाधान गर्ने उपयुक्त उपायहरू लेख्नुहोस् । २+३=५
(List out the major structural problems of Nepali economy and write down its appropriate solutions.)

२. आर्थिक बृद्धि भनेको के हो? नेपालको आर्थिक बृद्धिका निर्धारक तत्त्वहरू लेख्नुहोस् । १+४=५
(What is economic growth? Write the determinants of Nepal's economic growth.)

३. आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिले विदेशी विनिमय व्यवस्थापन सम्बन्धमा लिएका नीतिहरू उल्लेख गर्नुहोस् । ५
(Mention the policies taken regarding foreign exchange management in the monetary policy of the Fiscal Year 2081/82.)

४. सार्वजनिक ऋण भनेको के हो? सार्वजनिक ऋणको आकार बढ्नुका कारणहरू के के छन्? यसलाई उपयुक्त आकारमा राख्न सार्वजनिक ऋण परिचालनमा के-कस्ता पक्षहरूमा ध्यान दिनुपर्ला? लेख्नुहोस् । १+२+२=५
(What is public debt? What are the reasons for the increase in the size of public debt? To keep it in an appropriate size, what aspects should be taken into account in public debt mobilization? Write.)

५. नेपाल राष्ट्र बैंकले मौद्रिक नीति व्यवस्थापनको सम्बन्धमा अन्तर्राष्ट्रिय मुद्रा कोषबाट प्राप्त नीतिगत परामर्शहरू के हुबहु लागु गर्दै आएको छ? मुलुकको विशिष्ट आर्थिक अवस्थालाई मध्यनजर गर्दै सो संस्थाबाट प्राप्त सुझाव के-कसरी कार्यान्वयन गर्नुपर्ला? चर्चा गर्नुहोस् । ४+६=१०
(Has Nepal Rastra Bank been implementing the policy advice received from the International Monetary Fund (IMF) regarding monetary policy management as same on report? Taking the specific economic situation of the country into account, how should the recommendations received from IMF be implemented? Discuss.)

६. वैदेशिक व्यापार भनेको के हो? आर्थिक वर्ष २०८०/८१ मा नेपालको वैदेशिक व्यापारको तथ्यांक प्रस्तुत गर्नुहोस् । साथै, वैदेशिक व्यापारमा निर्यातको अंश बढाउन नेपालले चाल्नुपर्ने कदमहरू विस्तारमा वर्णन गर्नुहोस् । १+३+६=१०
(What is foreign trade? Present the data of Nepal's foreign trade in the Fiscal Year 2080/81. Also, describe in detail the steps to be taken by Nepal to increase the share of export in foreign trade.)

## खण्ड "ख"

३० अङ्क

७. नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ (संशोधन सहित) अनुसार बैंकको सेवाको अधिकृत तथा सहायक श्रेणीको रिक्त पदमा नयाँ नियुक्ति वा बढुवाद्वारा पूर्ति गर्नका लागि सिफारिस गर्न गठन हुने पदपूर्ति समितिको गठन व्यवस्था उल्लेख गर्नुहोस् । ५
(According to Nepal Rastra Bank Employees Services Bylaws, 2068 (with Amendment), mention the composition of the Position Fulfillment Committee that recommends employees to be recruited or promoted in the vacant post at officer and assistant level.)

८. कार्यालयमा के-कस्ता कारणहरूले विवाद सिर्जना हुने गर्दछ? त्यस्ता विवादहरूको समाधानका उपयुक्त उपायहरू लेख्नुहोस् । २+३=५
(What causes disputes in an organization? Write the appropriate methods for settlement of such disputes.)

९. व्यवस्थापन भन्नाले के बुझिन्छ? व्यवस्थापनका सिद्धान्त र कार्यहरू वर्णन गर्नुहोस् । २+४+४=१०
(What is meant by management? Describe the principles and functions of management.)

१०. संगठनमा पत्रलेखनको आवश्यकता पहिचान गर्दै औपचारिक पत्रको ढाँचा तयार गर्नुहोस् । साथै, असल पत्र लेखनका प्रमुख तत्त्वहरू व्याख्या गर्नुहोस् । ३+३+४=१०
(Identifying the need of letter writing in an organization, develop the format of a formal letter. Also, explain the key elements of good letter writing.)

## खण्ड "ग"

३० अङ्क

११. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार तल्लो वर्गको कुनै बैंक तथा वित्तीय संस्था कस्ता शर्तहरूमा माथिल्लो वर्गको बैंक तथा वित्तीय संस्थामा परिणत हुन सक्छ? उल्लेख गर्नुहोस् । ५
(Mention the conditions under which the banks and financial institutions of lower class may be converted into higher class banks and financial institutions in accordance with Bank and Financial Institution Act, 2073.)

१२. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐनले नेपाल राष्ट्र बैंकलाई नेपालमा सम्पत्ति शुद्धीकरण गतिविधिको निगरानी तथा रोकथाममा कसरी सशक्त बनाउँछ? चर्चा गर्नुहोस् । ५
(How does the Asset (Money) Laundering Prevention Act empower Nepal Rastra Bank in the monitoring and prevention of money laundering activities in Nepal? Discuss.)

१३. कस्ता कसूरहरूलाई बैंकिङ कसूर मानिन्छ? बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को उद्देश्यहरू उल्लेख गर्दै बैंकिङ कसूरबाट देशको आर्थिक, सामाजिक र कानूनी क्षेत्रमा पर्ने नकारात्मक असरहरू स्पष्ट पार्नुहोस् । ३+३+४=१०
(What sorts of offences are termed as banking offences? Mentioning the objectives of Banking Offence and Punishment Act, 2064, clarify the negative effects of banking offences in economic, social and legal sector of a country.)

१४. नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार कुनै बैंक तथा वित्तीय संस्थालाई समस्याग्रस्त घोषणा गर्न के-कस्ता अवस्थाहरू विद्यमान हुनु पर्दछ? साथै, समस्याग्रस्त बैंक तथा वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंकले गर्न सक्ने कारबाही उल्लेख गर्नुहोस् । ५+५=१०
(What are the conditions specified in Nepal Rastra Bank Act, 2058 to declare any bank and financial institutions (BFIs) problematic? Also, mention the action that can be taken by Nepal Rastra Bank against such problematic BFIs.)

:: समाप्त ::

७. लसकुश स्टोरको आर्थिक वर्ष २०७७/७८ को कारोबारसँग सम्बन्धित मुख्य खाताको २०७८ आषाढ मसान्तको मौज्दातको आधारमा देखिएको सन्तुलन परीक्षण निम्न लिखित छ । उक्त सन्तुलन परीक्षणबमोजिम खुद नाफा पत्ता लगाई वासलात तयार गर्नुहोस् । ५+५=१०
(Following is the Trial Balance of Lasakusha Store, based on the closing balances of the main ledger as at 31st Ashadh 2078 of fiscal year 2077/78. You are required to find out the net profit and prepare the Balance Sheet on the basis of this Trial Balance)

रकम रू. हजारमा (Amount in Rs. thousands)

| विवरण (Description) | डेबिट (Debit) | विवरण (Description) | क्रेडिट (Credit) |
|---|---|---|---|
| नगद तथा बैंक (Cash & Bank) | २०,०० (20,00) | साहु (Sundry Creditors) | ४०,०० (40,00) |
| फर्निचर तथा फिक्स्चर (Furniture & Fixture) | १०,०० (10,00) | खरिद फिर्ता (Purchase return) | १,०० (1,00) |
| तलब भत्ता (Salary & Allowance) | ३०,०० (30,00) | बिक्री (Sales) | २,७६,०० (2,76,00) |
| खरिद (Purchase) | ३,००,०० (3,00,00) | पूँजी (Capital) | ८०,०० (80,00) |
| आसामी (Sundry Debtors) | २५,०० (25,00) | | |
| बिक्रि फिर्ता (Sales Return) | २,०० (2,00) | | |
| मौज्दात (Stock) | १०,०० (10,00) | | |
| जम्मा (Total) | ३,९७,०० (3,97,00) | जम्मा (Total) | ३,९७,०० (3,97,00) |

२०७८ आषाढ ३१ को मौज्दात रू. ७०,०० हजारको रहेको छ । (Closing stock as at 31st Ashadh 2078 are of Rs. 70,00 thousands.)

## खण्ड "ग"

२० अङ्क

८. यदि कुनै साँवाको ३ वर्षको १५% वार्षिक ब्याजदरले चक्रिय ब्याज र साधारण ब्याजबीचको फरक रू. ११३४ हुन्छ भने साँवा पत्ता लगाउनुहोस् । ५
(Find the principal if the difference between compound interest and simple interest on it at 15% per annum for 3 years is Rs. 1134. )

९. एउटा मानिसले ३/५ भाग काम १८ दिन गरेपछि एउटा केटाको सहयोग लिएछ । तिनीहरूले ३ दिन काम गरेपछि केटाले छाडेछ । यदि सो मानिसले ७$\frac{१}{२}$ दिनमा काम सक्यो भने सहयोग लिइएको केटाले सो काम कति दिनमा सक्ला? ५
(A man does 3/5 of a work in 18 days and then gets a boy to help him. They work together for 3 days and the boy leaves, if the man finishes the work in $7\frac{1}{2}$ days, how long will the boy take to do the work?)

क्रमशः

१०. १.५ मि. X ४ मि. का दुईवटा झ्याल राखेर ३० मि. लामो, ०.५ मि. चौडा र २ मि. अग्लो पर्खाल बनाउँदा १५ सेमि. X ५ सेमि. X ४ सेमि. नापका कतिवटा ईँट्टाहरू चाहिन्छन्? यदि एउटा ईँट्टाको मूल्य रू. २.७५ पर्छ भने पूरा पर्खालका लागि लाग्ने ईँट्टाको खर्च निकाल्नुहोस् । ४+१=५
(How many bricks with dimensions 15cm X 5cm X 4cm are needed to construct a 30m long, 0.5m wide and 2m high wall with two windows each having measurement of 1.5m x 4m? If the cost of each brick is Rs. 2.75, calculate the total cost of bricks needed to construct the wall.)

११. तल दिइएको तथ्यांकको मध्यिका पत्ता लगाउनुहोस् । यदि सोही तथ्यांकको मध्यक २० भए बहुलक पत्ता लगाउनुहोस् । ३+२=५
(Calculate median from the following data. If mean of the data is 20, then calculate mode.)

| Class Interval | 0-10 | 10-20 | 20-30 | 30-40 | 40-50 |
|---|---|---|---|---|---|
| Frequency | 4 | 12 | 10 | 9 | 5 |

## खण्ड "घ"

१० अङ्क

१२. Briefly explain the guidelines for information disclosure and grievance handling as per the *NRB IT Guidelines, 2012*. 5

१३. Discuss various tools and techniques that may be employed for securing IT Systems. 5

:: समाप्त ::